# Telecom. Newsletter

नेपाल दूरसञ्चार कं.लि. केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित




नेपाल दूरसञ्चार भवन, भद्रकाली, काठमाडौं


Volume 18, Issue 7 No. 115 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Monthly, Magha 2075 (Feb.-2019)


## कम्पनीको प्रबन्ध निर्देशकमा अधिकारी



नेपाल टेलिकमको प्रबन्ध निर्देशकमा डिल्लीराम अधिकारी नियुक्त हुनुभएको छ। नवनियुक्त प्रबन्ध निर्देशक अधिकारीले गत २०७५ पुस २३ गते कम्पनीको केन्द्रीय कार्यालयमा पदभार ग्रहण गर्नुभयो। उहाँलाई नेपाल सरकारको २०७५ पुस १९ गतेको निर्णय वमोजिम ३ वर्षका लागि प्रबन्ध निर्देशक पदमा नियुक्त गरिएको हो।

प्रबन्ध निर्देशक अधिकारीले आफ्नो व्यावसायिक कार्य योजनाको मूल्यांकनको आधारमा नेपाल टेलिकमको प्रबन्ध निर्देशकको गहन जिम्मेवारी

*(४ पेजको बाँकी)*

## ढुङ्खर्कमा कम्पनीको नयाँ एक्सचेञ्ज

नेपाल टेलिकमले काभ्रेको बेथानचोक गाउँपालिका वडा नम्बर २ स्थित ढुङ्खर्कमा IMS प्रविधिको MSAN एक्सचेञ्ज सञ्चालनमा ल्याएको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटाले गत २०७५ पुस १ गते सो एक्सचेञ्जको उद्घाटन गर्नुभयो। उहाँले बेथानचोक गाउँपालिकाका अध्यक्ष प्रेम बहादुर तिमिल्सिनालाई टेलिफोन गरी सो एक्सचेञ्जको उद्घाटन गर्नुभएको थियो।

सो अवसरमा मन्त्री बाँस्कोटाले दुर्गम क्षेत्रका स्थानीय तहसम्म दूरसञ्चार सेवाको पहुँच विस्तार गर्ने साथै प्रतिफल कम आउने र तुलनात्मकरुपमा लगानी बढी हुने स्थानमा दूरसञ्चार सेवा विस्तार गर्ने क्रमलाई निरन्तरता दिँदै टेलिकमले सेवा सञ्चालनमा ल्याएको बताउनु भयो।



सो अवसरमा उहाँले टेलिफोन पुग्न बाँकी रहेका १५० गाउँपालिकामा टेलिफोन सेवा विस्तार तथा ६९

*(४ पेजको बाँकी)*

## कम्पनीले ल्यायो SIP PBX सेवा

एउटै नम्बरमा धेरै जनाले एकै पटक कुरा गर्न सहज हुने गरी नेपाल टेलिकमले SIP PBX सेवा उपलब्ध गराइरहेको छ। यो सेवा लिएपछि कसैलाई सम्पर्क नम्बर दिदा पनि एउटै नम्बर दिए पुग्छ। एउटै कार्यालयका लागि धेरै नम्बर दिनुपर्ने झन्झट हुँदैन। यो सेवा विशेष गरी कार्यालयहरुका लागि उपयोगी छ।

यो सेवाका लागि आवश्यक उपकरण एउटै फाइबर केबुलबाट जोडिएको हुन्छ। एउटै टेलिफोन नम्बरको माध्यमबाट एकै पटकमा धेरै जनाले विभिन्न टेलिफोन सेटबाट कल गर्न तथा रिसिभ गर्न सकिन्छ।

यसबाट टेलिफोन ब्यस्त हुने समस्याबाट मुक्ति पाइन्छ भने एउटा मात्र केबुल जोडिने भएकाले

*(बाँकी ३ पेजमा)*

## कम्पनीको साधारण सभा सम्पन्न




नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको एघारौं वार्षिक साधारणसभा २०७५ पुस ३० गते काठमाडौमा सम्पन्न भएको छ। उक्त साधारणसभाले आर्थिक वर्ष २०७४।७५ को मुनाफा रकम मध्येबाट प्रति शेयर रु. ५५ का दरले शेयरधनीहरुलाई नगद लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मतले पारित गरेको छ। साधारण सभामा ९१ प्रतिशतभन्दा बढी शेयरधनीहरुको उपस्थिति रहेको थियो।

उक्त सभाले आर्थिक वर्ष २०७४।७५ को लागि सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदनसहितको २०७५ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त हुने आर्थिक वर्ष २०७४/७५ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरणलाई छलफल गरी सर्वसम्मतले पारित गरेको छ।

*(बाँकी ४ पेजमा)*

# कम्पनीको विन्टर अफर

नेपाल टेलिकमले ग्राहकहरुको सुविधाका लागि विभिन्न प्याकेज सहितको आकर्षक विन्टर अफर उपलब्ध गराएको छ। उक्त अफर अन्तर्गतको सेवा २०७५ पुस २९ गते देखि लागू भई आगामी चैत २८ गतेसम्म लिन सकिने छ।

**१. ह्याप्पी विकेन्ड (Happy Weekend) प्याक**

जीएसएम/सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा ह्याप्पी विकेन्ड प्याक प्रयोग गर्न सकिन्छ। ह्याप्पी विकेन्ड प्याक अन्तर्गत शुक्रबार, शनिबार र आइतबार प्रत्येक दिन १ जीबी डाटा प्रयोग गर्न सकिने छ। सो प्याक एक सय रुपैयाँमा प्राप्त हुनेछ र सात दिनसम्म यसको समयावधि हुनेछ।

**२. अल टाइम डाटा प्याक**

जीएसएम प्रिपेड/पोष्टपेड तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा अल टाइम डाटा प्याक प्रयोग गर्न सकिन्छ। यस अन्तर्गत कम्पनीले उपलब्ध गराएका विभिन्न प्याकेजमा ५० प्रतिशत थप बोनस डाटा उपलब्ध गराइने भएको छ।

अल टाइम डाटा प्याक अन्तर्गत १० रुपैयाँ देखि ५ सय रुपैयाँसम्मका प्याक उपलब्ध छन्। यस अन्तर्गत बोनससहित २३ एमबी देखि ४ हजार ५ सय एमबी सम्मका प्याकेज खरिद गर्न सकिने छ। यी प्याकेज प्रयोग गर्न सकिने समयावधि पनि १ दिन देखि २८ दिनसम्म हुन्छ।

**३. नाइट टाइम भोलुम बेस्ड डाटा प्याक**

जीएसएम प्रिपेड/पोष्टपेड तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा नाइट टाइम भोलुम बेस्ड डाटा प्याक प्रयोग गर्न सकिन्छ। यसमा पनि थप ५० प्रतिशत बोनस डाटा उपलब्ध हुनेछ।

थप बोनस समेत गरी नाइट टाइम भोलुम वेस्ड डाटा प्याक अन्तर्गत ५ रुपैयाँमा ६८ एमबी डाटा एक रात प्रयोग गर्न सकिने छ। त्यसैगरी ७ दिनसम्मको अवधिमा ४५ रुपैयाँमा ६३८ एमबी डाटा र २८ दिनसम्मको अवधिको ७६८० एमबी डाटा तीन सय रुपैयाँमा प्रयोग गर्न सकिने छ। यो प्याक राती १० बजेदेखि बिहान ६ बजेसम्म मात्र प्रयोग गर्न सकिने छ।

**४. अनलिमिटेड नाइट टाइम डाटा प्याक**

जीएसएम/सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा अनलिमिटेड नाइट टाइम डाटा प्याक प्रयोग गर्न सकिन्छ। अनलिमिटेड जीएसएम/सीडीएमए नाइट डाटा प्याक अन्तर्गत १५ रुपैयाँमा अनलिमिटेड डाटा राती १० बजेदेखि बिहान ६ बजेसम्म चलाउन पाइने छ। यसको अवधि डाटा खरिद गरेको एक दिनसम्म हुनेछ। त्यसैगरी ८५ रुपैयाँमा ७ दिनसम्म र २ सय ४० रुपैयाँमा २८ दिनसम्म अनलिमिटेड डाटा राती १० बजेदेखि बिहान ६ बजेसम्म प्रयोग गर्न सकिन्छ। उपरोक्त सबै प्याकमा १ जीबी डाटासम्म थ्रिजी/फोरजीको गतिमा चल्ने छ र त्यसपछि २५६ केबीपीएसको गतिमा अनलिमिटेड चल्ने छ।

**५. अल टाइम सोसियल मिडिया डाटा प्याक**

अल टाइम सोसियल मिडिया डाटा प्याक अन्तर्गत सामाजिक सञ्जाल फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप र ट्वीटर चलाउन सकिने छ। यसमा पनि थप ५० प्रतिशत बोनस डाटा उपलब्ध हुनेछ। थप बोनस समेत गरी ५ रुपैयाँमा ३० एमबी डाटा १ दिन, २५ रुपैयाँमा १३५ एमबी डाटा ७ दिन र १०० रुपैयाँमा ६७५ एमबी डाटा २८ दिनका लागि उपलब्ध हुनेछ। त्यसैगरी २०० रुपैयाँमा १५०० एमबी डाटा २८ दिन समयावधिका लागि उपलब्ध हुनेछ।

**६. अल टाइम डाटा स्ट्रिमिङ प्याक**

जीएसएम तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलका लागि अल टाइम स्ट्रिमिङ प्याक अन्तर्गत युट्युब र वाउटाइम एप्स चलाउन सकिने छ। यसमा पनि थप ५० प्रतिशत बोनस डाटा उपलब्ध हुनेछ। थप बोनस डाटा समेत गरी १० रुपैयाँमा १५० एमबी डाटा १ दिनका लागि, ४५ रुपैयाँमा ६०० एमबी डाटा ७ दिनका लागि र ११५ रुपैयाँमा १९५० एमबी डाटा २८ दिनका लागि उपलब्ध हुने छ।

**७. अल टाइम फोरजी डाटा प्याक**

अल टाइम जीएसएम फोरजी डाटा प्याकमा पनि थप ५० प्रतिशत बोनस डाटा उपलब्ध हुनेछ। यस अन्तर्गत १२ रुपैयाँ देखि ५ सय रुपैयाँ सम्मका बोनससहित ३८ एमबी देखि ४६०८ एमबी सम्मको प्याकेज उपलब्ध हुन्छ। यी प्याकेज १ दिन देखि २८ दिन सम्म उपयोग गर्न सकिन्छ।

**८. जीएसएम/सीडीएमए थ्रिजी/फोरजी एक जीबी प्रतिदिनको डाटा प्याक**

जीएसएम/सीडीएमए थ्रिजी/फोरजी एक जीबी प्रति दिन डाटा प्याक अन्तर्गत ४५ रुपैयाँमा १ जीबी डाटा १ दिनका लागि, २५० रुपैयाँमा ७ जीबी डाटा ७ दिनका लागि र ८५० रुपैयाँमा २८ जीबी डाटा २८ दिनका लागि उपलब्ध हुनेछ। यसमा प्रतिदिन २० मिनेट स्ट्रिमिङ प्याक बोनसको रुपमा प्राप्त हुनेछ।

**९. अल टाइम भ्वाइस प्याक**

जीएसएम तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा भ्वाइस प्याक अन्तर्गत एक दिन देखि ६० दिन समयावधि सम्म प्रयोग गर्न सकिने प्याकेज प्राप्त गर्न सकिने छ। यी प्याकेजहरु १० रुपैयाँ देखि ५५० रुपैयाँ सम्ममा खरिद गर्न सकिने छ। यसरी प्राप्त प्याकेजमार्फत गरिने कल नेपाल टेलिकमको नेटवर्कभित्रका लागि मात्र उपलब्ध हुनेछ।

**१०. नाइट टाइम भ्वाइस प्याक**

जीएसएम तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा नाइट टाइम भ्वाइस प्याक अन्तर्गत ५ रुपैयाँमा १ दिनसम्म ३० मिनेट, १२ रुपैयाँमा १ दिनसम्म असीमित (अनलिमिटेड) समय, २५ रुपैयाँमा ७ दिनसम्म २४० मिनेट र १०० रुपैयाँमा २८ दिनसम्म ११०० मिनेट कल गर्न सकिने छ। सो प्याक राती १० बजेदेखि बिहान ६ बजेसम्म कम्पनीकै नेटवर्क भित्र मात्र प्रयोग गर्न सकिने छ।

**११. सीयूजी प्याकेज**

कम्पनीले कर्पोरेट ग्राहकहरुका लागि सीयूजी (कर्पोरेट युजर ग्रुप) प्याकेज उपलब्ध गराएको छ। जीएसएम/सीडीएमएका प्रिपेड/पोष्टपेड सबैमा यो सुविधा उपलब्ध हुनेछ।

यस अन्तर्गत कम्पनीकै नेटवर्कमा जीएसएम/सीडीएमएका प्रिपेड ग्राहकले २०० रुपैयाँमा ६५ मिनेट भ्वाइस कल गर्न तथा १२५ एमबी डाटा चलाउन र २५ वटा एसएमएस पठाउन सक्ने छन्। त्यसैगरी कम्पनीकै नेटवर्कमा जीएसएम/सीडीएमए पोष्टपेड प्रिपेडका ग्राहकले ४०० रुपैयाँमा १५० मिनेट भ्वाइस कल गर्न, ३०० एमबी डाटा चलाउन र ५० वटा एसएमएस पठाउन सक्ने छन्। यो वाहेक ७०० रुपैयाँमा ३०० मिनेट भ्वाइस कल गर्न, ८०० एमबी डाटा चलाउन र १०० वटा एसएमएस पठाउन सकिने छ। १००० रुपैयाँमा ४५० मिनेट भ्वाइस कल गर्न, १५०० एमबी डाटा चलाउन र १५० वटा एसएमएस पठाउन, १३०० रुपैयाँमा ६०० मिनेट भ्वाइस कल गर्न, २१०० एमबी डाटा चलाउन र २०० वटा एसएमएस पठाउन तथा १६०० रुपैयाँमा ७५० मिनेट भ्वाइस कल गर्न, २७०० एमबी डाटा चलाउन र २५० वटा एसएमएस पठाउन सकिने छ।

**१२. डे प्याक**

डे प्याक अन्तर्गत ६ रुपैयाँमा भ्वाइस र डाटा चलाउन मिल्ने छुट्टाछुट्टै प्याकेज लिन सकिने छ। यस अन्तर्गत ६ रुपैयाँमा विहान ६ देखि बेलुकी ६ बजे सम्म ६० मिनेट कल गर्न वा ३६ एमबी डाटा चलाउन सकिने छ।

**१३. एसएमएस प्याक**

जीएसएम प्रिपेड/पोष्टपेड तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा एसएमएस प्याक प्रयोग गर्न सकिने छ। यो प्याक अन्तर्गत ५ रुपैयाँमा १ दिनसम्म उपभोग गर्न पाउने गरी २० वटा एसएमएस र थप २५ प्रतिशत बोनस एसएमएस समेत उपलब्ध गराइएको छ। यसरी १५ रुपैयाँमा ७ दिनसम्म उपभोग गर्न पाउने गरी ७० वटा एसएमएस र ६० रुपैयाँमा २८ दिनसम्म उपभोग गर्न पाउने गरी ३०० वटा एसएमएस गर्न सकिने छ र यसमा पनि थप २५ प्रतिशत बोनस एसएमएस उपलब्ध गराइएको छ।

**१४. एफटीटीएच ब्यक्तिगत प्याकेज**

नेपाल टेलिकमले एफटीटीएच अन्तर्गत व्यक्तिगत ग्राहकका लागि विभिन्न प्याकेजको व्यवस्था गरेको छ। व्यक्तिगत तर्फ ८ एमबीपीएस, १८ एमबीपीएस, ३५ एमबीपीएस र ५५ एमबीपीएसका प्याकेज उपलब्ध छन्। यी प्याकेज ८ सय देखि १८ हजार ४ सय रुपैयाँ सम्ममा खरिद गर्न सकिन्छ।

**१५. एफटीटीएच कर्पोरेट युजर प्याकेज**

नेपाल टेलिकमले एफटीटीएच FTTH (Fiber To The Home) अन्तर्गत कर्पोरेट ग्राहकका लागि विभिन्न प्याकेजको व्यवस्था पनि गरेको छ। कर्पोरेट तर्फ १० एमबीपीएस गतिको एफटीटीएच प्याकेज ३ महिनाका लागि १०,३०० रुपैयाँ, ६ महिनाका लागि १८,४०० रुपैयाँ र १ वर्षका लागि ३४,५०० रुपैयाँमा उपलब्ध गराइएको छ। त्यसैगरी २० एमबीपीएस गतिको एफटीटीएच प्याकेज ३ महिनाका लागि १९,५०० रुपैयाँ, ६ महिनाका लागि ३६,८०० रुपैयाँ र १ वर्षका लागि ६९,००० रुपैयाँमा उपलब्ध गराइएको छ।

**१६. एडीएसएल भोलुम बेस्ड प्याकेज**

नेपाल टेलिकमले भोलुम बेस्ड एडीएसएल इन्टरनेट प्याकेज ५ एमबीपीएस सम्मको गतिमा १५ जीबी डाटा २०० रुपैयाँमा ३० दिनसम्मका लागि उपलब्ध गराएको छ। त्यसैगरी ५ एमबीपीएस सम्मको गतिमा २५ जीबी डाटा ३०० रुपैयाँमा र ४० जीबी डाटा ४०० रुपैयाँमा ३० दिनसम्मका लागि उपलब्ध गराएको छ।

**१७. एडीएसएल अनलिमिटेड प्याकेज**

अनलिमिटेड एडीएसएल इन्टरनेट प्याक ५ एमबीपीएससम्मको गतिमा ८०० रुपैयाँमा ३० दिनसम्मका लागि उपलब्ध गराएको छ। त्यसैगरी ५ एमबीपीएससम्मको गतिमा ४३०० रुपैयाँमा १८० 

(बाँकी ३ पेजमा)

दिनसम्म र ८००० रुपैयाँमा ३६० दिनसम्मका लागि उपलब्ध गराइएको छ ।

**१८. एक घण्टा अनलिमिटेड प्याक**

यस प्याक अन्तर्गत कम्पनीकै नेटवर्कमा जीएसएम/सीडीएमएका ग्राहकले १८ रुपैयाँमा प्याक एक्टिभ भए पश्चात १ घण्टासम्म निरन्तर भ्वाइस, एसएमएस र डाटा असिमित रुपमा प्रयोग गर्न सक्ने छन् ।

**१९. विद्यार्थी अफर**

यस अफर अन्तर्गतको सिम लिए पछि नयाँ सिममा उपलब्ध हुने ५० रुपैयाँ मध्ये कम्पनीकै नेटवर्कमा विद्यार्थीहरुले १० रुपैयाँ बराबर कल गर्न, डाटा खरिद गर्न वा एसएमएस गर्न वा यी सबै सेवा प्रयोग गर्न सक्ने छन । त्यसैगरी बाँकी ४० रुपैयाँमा ४० मिनेट कल गर्न, ६० एमबी डाटा खरिद गर्न र २० वटा एसएमएस गर्न सकिने छ । यी सबै सुविधा ३० दिनभित्र उपभोग गरिसक्नु पर्नेछ । साथै बोनसको रुपमा कम्पनीकै नेटवर्कमा विद्यार्थीहरुले प्रति महिना ४० मिनेट भ्वाइस कल गर्न, ६० एमबी डाटा चलाउन र २० वटा एसएमएस पठाउन सक्ने छन । यो सुविधा उपभोग गर्ने समयावधि ७ दिनको हुनेछ । प्रति महिना प्राप्त हुने उपरोक्त बोनस ६ महिनासम्म उपलब्ध हुनेछ ।

साथै विद्यार्थीहरुलाई ५० रुपैयाँको रिचार्जमा १० मिनेटको भ्वाइस र ५० एमबी डाटा बोनस उपलब्ध हुनेछ । यो सुविधा उपभोग गर्ने समयावधि ३ दिनको हुनेछ । रिचार्ज बोनस ५० रुपैयाँ वा सो भन्दा माथिको रिचार्जमा उपलब्ध हुनेछ । रिचार्जमा प्राप्त हुने उपरोक्त बोनस एक वर्षसम्म उपलब्ध गराइने छ ।

**२०. इन्डिया कल अफर**

नेपालबाट भारतमा कल गर्नका लागि सस्तो दरको प्याकेज लिन सकिने छ । यसका लागि कम्पनीले डेली प्याक, विक्ली प्याक र मन्थ्ली प्याक गरी तिन प्रकारको प्याक अफर ल्याएको छ । डेली प्याक अन्तर्गत ३५ रुपैयाँमा १५ मिनेट कल गर्न सकिने छ । सो प्याक १ दिनका लागि मात्र उपलब्ध हुनेछ । त्यसैगरी विक्ली प्याक अन्तर्गत १५० रुपैयाँमा ६५ मिनेट र मन्थ्ली प्याक अन्तर्गत ५०० रुपैयाँमा २१५ मिनेट कल गर्न सकिने छ । यी प्याक क्रमश: ७ दिन र एक महिनासम्म प्रयोग गर्न सकिने छ ।

**२१ . मिस्ड कल अलर्ट**

यो सेवाबाट सेवाग्राहीको नम्बर व्यस्त भएको अवस्थामा, नेटवर्क नभएको अवस्थामा र स्वीच अफ भएको अवस्थामा कसैको कल आएमा पछि त्यसको बारेमा एसएमएस मार्फत नोटिफिकेसन आउनेछ । यो सेवा लिन मासिक ६ रुपैयाँ शुल्क लाग्ने छ । यो सुविधाको समयावधि ३० दिनको हुनेछ । यो सुविधा लिनका लागि *1400# डायल गर्नु पर्छ ।

**२२. एफटीटीएचमा नि:शुल्क भ्वाइस**

एफटीटीएच सेवा लिने नयाँ तथा पुराना ग्राहकले ९० दिनसम्म कम्पनीकै नेटवर्कभित्र नि:शुल्क भ्वाइस सेवा अर्थात सिप कल सेवा उपयोग गर्न सक्ने छन् ।

विभिन्न प्याकेज प्राप्त गर्नका लागि ग्राहकले *1415# मा डायल गर्नु पर्ने छ । कम्पनीको एप 'नेपाल टेलिकम' बाट पनि यस सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ । त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत यस सम्बन्धी विस्तृत जानकारी लिन सकिन्छ । *(माथि उल्लेख गरिएका सबै दरहरु करसहितका हुन् ।)*

# विभिन्न स्थानमा एफटीटीएच विस्तार

नेपाल टेलिकमले देशका मुख्य सहरहरुमा तीव्र गतिको एफटीटीच (Fiber To The Home - FTTH) सेवा वितरण कार्यलाई तीव्रता दिएको छ । यसका लागि आवश्यक पूर्वाधार समेत कम्पनीले निर्माण गरिरहेको छ ।

यस कार्यक्रम अनुसार कम्पनीले हाल काठमाडौंको कीर्तिपुर, गोंगबु, गोठाटार, सैंबु, सुन्धारा, छाउनी, नक्साल आदि तथा काठमाडौं वाहिर भैरहवा, बुटवल, भरतपुर, नेपालगञ्ज, धनगढी, जनकपुर र हेटौंडाका विभिन्न स्थानमा क्याबिनेटहरु जडान गरेर FTTH Network तयार गरी सेवा वितरण कार्य गरिरहेको छ ।

काठमाडौंलगायतका विभिन्न स्थानमा एफटीटीएच सेवासम्बन्धी ग्राहकलाई जानकारी दिनका लागि घर दैलोलगायतका प्रबर्द्धनात्मक कार्य समेत भइरहेको छ ।

एफटीटीएच नेटवर्क विस्तार कार्य जारी रहेको र आगामी दिनमा अन्य क्षेत्रमा समेत यो सेवा उपलब्ध गराउने कम्पनीको योजना छ ।

एफटीटीएच (FTTH) सेवा अन्तर्गत इन्टरनेट सेवाको साथै आईपी प्रविधिमार्फत चल्ने भ्वाइस टेलिफोन सेवा समेत प्रयोग गर्न सकिन्छ । नयाँ लाइन जडानको समयमा भ्वाइस सेवा तीन महिनाका लागि नि:शुल्क उपलब्ध गराइएको छ ।

परम्परागत तामाको तारको सट्टामा ग्राहकहरुको



एफटीटीएच सेवाको प्रवर्द्धनका लागि घरदैलो कार्यक्रम

घरसम्म अप्टिकल फाइबर पुऱ्याई Triple Play (Voice, High Speed Internet, Video) सेवाहरु प्रदान गर्न सकिने भएकोले ग्राहकहरुको लागि यो सेवा प्रभावकारी छ । पहिले एडीएसएल प्रयोग गरिरहेका ग्राहकले समेत एफटीटीएच सेवामा अपग्रेड गरी लिन सक्छन् । यो आईपीमा आधारित सेवा हो । यसबाट गुणस्तरीय डाटा र भ्वाइस सेवा उपलब्ध हुन्छ ।

ग्राहक माझ सस्तो तथा सुलभ दरमा एफटीटीएच सेवा उपलब्ध गराउनका लागि विभिन्न प्याकेजको रुपमा सहुलियतपूर्ण महसुलमा सेवा उपलब्ध गराइएको छ । व्यक्तिगत र कर्पोरेट ग्राहकका लागि फरक फरक महसुल दर निर्धारण गरिएको छ ।

# कम्पनीले ल्यायो ...

(१ पेजको बाँकी)

कार्यालयको सुन्दरता र तार व्यवस्थापनमा समेत सहजता हुन्छ । एउटै भवनमा धेरै टेलिफोन आवश्यक हुने संस्थाहरु, कल सेन्टर, ग्राहक सेवा केन्द्र तथा कर्पोरेट कार्यालयहरुका लागि यो सेवा निकै नै उपयोगी हुन्छ ।

यो सेवा उपयोग गर्दा हाल प्रचलित ल्यान्डलाइन टेलिफोन सरह शुल्क लाग्छ । यो सेवा लिनका लागि शुरुमा दर्ता शुल्क रु. ५००।- लाग्छ । त्यसैगरी जडान शुल्क रु. ६,०००।- लाग्छ । ग्राहकलाई आवश्यक फाइबर केबुल १०० मिटर सम्म नि:शुल्क उपलब्ध गराइन्छ । यो भन्दा बढी भएमा प्रति मिटर रु. ६०।- शुल्क लिएर फाइबर केबुल उपलब्ध गराइन्छ । सरकारी स्वामित्व शुल्क रु. १,०००।- लाग्छ भने लोकल/एसटीडी सेवा मात्र लिने भए ५० हजार र आईएसडी सहितको सेवा लिने भए १ लाख ५० हजार रुपैयाँ धरौटी राख्नु पर्छ । यो सेवा प्रयोग गर्दा १५ लाइन (Session) को लागि मासिक शुल्क रु. ३,०००।- तोकिएको छ । उल्लिखित विवरणहरुमा नेपाल सरकारको नियमानुसार लाग्ने कर समावेश गरिएको छैन ।

यो सेवा जडान गर्नका लागि आवश्यक फारम तथा अन्य कागजात सम्बन्धी विवरण कम्पनीको वेबसाइट https://www.ntc.net.np बाट प्राप्त गर्न सकिन्छ । थप जानकारीका लागि नेपाल टेलिकमको काठमाडौं क्षेत्रीय निर्देशनालय त्रिपुरेश्वरमा सम्पर्क राख्न सकिन्छ ।

# कर्मचारी संगठनको वार्षिकोत्सव सम्पन्न

नेपाल राष्ट्रिय कर्मचारी संगठन नेपाल टेलिकम (NEONNT) को बाह्रौं वार्षिकोत्सव कार्यक्रम सम्पन्न भएको छ । गत पुस १८ गते कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित वार्षिकोत्सव कार्यक्रममा नेपाल राष्ट्रिय कर्मचारी महासंघका अध्यक्ष दयाराम बस्यालले नेपाल टेलिकमको आन्तरिक समस्या पहिचान गर्दै त्यसलाई समाधान गर्न इमान्दारीपूर्वक काम गर्न सम्पूर्ण कर्मचारीहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाल राष्ट्रिय कर्मचारी महासंघका सल्लाहकार संयोजक एवम् विश्व ट्रेड युनियन महासंघ आर्थिक नियन्त्रण कमिटीका सदस्य मोहनमान स्वाँरले नेपाल टेलिकमलाई अब्बल र प्रतिस्पर्धि बनाउन सरोकारवाला सबै जवाफदेही र उत्तरदायी हुन आग्रह गर्नुभयो ।

कार्यक्रममा कम्पनीका तत्कालीन निमित्त प्रबन्ध निर्देशक सूर्यभक्त पोखरेलले नेपाल टेलिकमलाई अझ सवल, सक्षम र समृद्ध बनाउनका लागि सकारात्मक सोचका साथ जिम्मेवारीपूर्वक काम गर्न सम्पूर्ण कर्मचारीहरूलाई आग्रह गर्नुभयो । उहाँले कम्पनीका सेवा सुविधा उपभोग गरिरहेका ग्राहकहरुलाई सन्तुष्ट हुने गरी सेवा उपलब्ध गराउन प्रतिबद्ध हुनु पर्ने बताउनु भयो ।

सो अवसरमा कम्पनीका सञ्चालक (कर्मचारी प्रतिनिधि) राज बहादुर रावलले कर्मचारीको सेवासुविधा र कम्पनीको सुधारका सम्बन्धमा सकारात्मक पहलकदमी रहने बताउदै कामप्रतिको जवाफदेहीतालाई सबैले अनुशरण गर्न आग्रह गर्नुभयो ।

नेपाल राष्ट्रिय कर्मचारी संगठन नेपाल टेलिकमका अध्यक्ष दामोदर के.सी.को अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा यूएनआई एनएलसीका अध्यक्ष शंकर लामिछाने, नेपाल दूरसञ्चार कर्मचारी संघ (आधिकारिक ट्रेड युनियन) का कार्यबाहक अध्यक्ष लोकबहादुर कटुवाल, नेपाल टेलिकम वर्कर्स युनियनका अध्यक्ष राजेन्द्र दाहाललगायतले वर्तमान अवस्थामा कम्पनी र कर्मचारीको हकहितका लागि युनियनले खेल्नुपर्ने भूमिका सम्बन्धमा आ-आफ्ना विचार व्यक्त गर्नुभएको थियो ।

## कम्पनीको प्रबन्ध ...

(१ पेजको बाँकी)

बहन गर्ने अवसर दिएकोमा नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयप्रति आभार प्रकट गर्नुभयो ।

सो अवसरमा उहाँले प्रविधिको विकास र बजारको प्रतिस्पर्धा अनुरुप समयमा परियोजनाहरु अगाडि बढ्न नसक्दा कम्पनीको सेवा प्रवाह, गुणस्तर र राजस्व वृद्धिमा देखिएको चुनौतीलाई सामना गर्दै अगाडि बढ्न कर्मचारीहरुलाई आह्वान गर्नुभयो । कम्पनीलाई अगाडि बढाउनको लागि आम कर्मचारी वर्ग, आधिकारिक ट्रेड युनियन र कम्पनीमा क्रियाशील सबै ट्रेड युनियनहरुबाट सहयोग तथा हौसला पाउने अपेक्षा गरेको बताउनु भयो

उहाँले काममा ढिलासुस्ती, अधिकारको दुरुपयोग, भ्रष्टाचार तथा आर्थिक अनियमितता जस्ता कुरामा कसैसँग सम्झौता नगरिने बताउनु भयो ।

प्रबन्ध निर्देशक अधिकारीले परिवर्तनशील प्रविधि र ग्राहकको माग तथा चाहनामा हुने परिवर्तनलाई समयानुकुल सम्बोधन गर्दै लैजाने, ब्याकबोन नेटवर्कलाई भरपर्दो र गुणस्तरीय बनाइने, फोरजी परियोजनालाई समयमा सम्पन्न गरिने, १ करोड लाइन क्षमताको टुजी र थ्रीजी परियोजनालाई यथाशीघ्र सम्पन्न गरिने, मोबाइल डाटाको प्रयोग बढाउनका लागि कार्यक्रम ल्याइने, एफटीटीएच सेवालाई मूख्य सहरहरु तथा पकेट क्षेत्रहरुमा विस्तार गरिने र कपर नेटवर्कलाई प्रतिस्थापन गरिने बताउनु भयो । त्यसैगरी कर्पोरेट र इन्टरप्राइज बिजनेसलाई विशेष जोड दिइने, मध्य पहाडी लोकमार्गमा अप्टिकल फाइबर नेटवर्क तयार गर्ने कार्यमा शीघ्रता ल्याइने र मोबाइल फाइनान्सियल सेवा तथा आईपी टीभी सेवालाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गरिने प्रतिबद्धता ब्यक्त गर्नुभयो साथै उहाँले अन्तर्राष्ट्रिय कलबाट हुने आम्दानीमा भएको गिरावटलाई परिपूर्ति गर्न रोमिङ तथा डाटा सेवामा राजस्व बढाउने बताउनु भयो ।

पदबहाली कार्यक्रममा नेपाल टेलिकमका नायव प्रबन्ध निर्देशकहरु, निर्देशकहरु, प्रबन्धकहरु, अन्य बरिष्ठ अधिकृतहरु, आधिकारिक ट्रेड युनियनलगायत कम्पनीमा आवद्ध अन्य कर्मचारी युनियनका पदाधिकारीहरु एवं कम्पनीका कर्मचारीहरुको उपस्थिति थियो ।

प्रबन्ध निर्देशक अधिकारी यस अघि प्रबन्ध निर्देशकको कार्यालयमा प्रबन्धक पदमा कार्यरत हुनुहुन्थ्यो । उहाँ तत्कालीन नेपाल दूरसञ्चार संस्थानमा २०५९ फागुन २२ गते टेलिकम इन्जिनियर पदमा प्रवेश गर्नुभएको थियो । उहाँ २०६५ मा बरिष्ठ इन्जिनियर, २०७० मा उप-प्रबन्धक र २०७५ बैशाख १६ देखि प्रबन्धक पदमा कार्यरत हुनुहुन्थ्यो ।

उहाँले २०६२ मा पुल्चोक इन्जिनियरिङ क्याम्पसबाट इन्फर्मेसन एन्ड कम्युनिकेसन इन्जिनियरिङमा विशिष्ट श्रेणीमा एमएस्सी गर्नुभएको छ ।

## दुङ्खर्कमा ...

(१ पेजको बाँकी)

गाउँपालिकामा इन्टरनेटका लागि एडीएसएलसहितको सेवा विस्तार गर्न लागिएको बताउनु भयो ।

उक्त अवसरमा बोल्दै नेपाल टेलिकमका तत्कालीन निमित्त प्रबन्ध निर्देशक सूर्यभक्त पोखरेलले नेपाल टेलिकमले उपलब्ध गराएका सेवा सुविधा उपभोग गर्न आग्रह गर्दै यस्तै दुर्गम क्षेत्रमा सेवा सुविधा प्रदान गर्न कम्पनी अग्रसर हुने कुरा बताउनु भयो ।

उक्त अवसरमा काठमाडौं क्षेत्रीय निर्देशनालयका निर्देशक विरेन्द्रनाथ गंगोलले सो एक्सचेन्जको क्षमता १२८ लाइन रहेको र माग अनुरुप लाइन थप गर्दै लान सकिने सुविधा रहेको जानकारी दिनुभयो । सो एक्सचेन्जबाट हाललाई टेलिफोन तथा इन्टरनेट सुविधा लिन सकिने र त्यसपछि आवश्यकता अनुसार मल्टिमिडियाको सुविधा पनि लिन सकिने उहाँले जानकारी पनि दिनु भयो ।

सो अवसरमा बेथानचोक गाउँपालिकाका अध्यक्ष प्रेम बहादुर तिमिल्सिनाले टेलिफोन सञ्चालनले गाउँपालिकाको समेत सेवा प्रवाहमा सहजता थप्ने विश्वास ब्यक्त गर्नुभयो ।

उक्त अवसरमा प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर राउत, कम्पनीका प्रमुख व्यावसायिक अधिकृत प्रदीपराज उपाध्याय, प्रमुख प्राविधिक अधिकृत मटुक आनन्द वैद्य, उद्योगी, स्थानीय वासिन्दा, समाजसेवीलगायत कम्पनीका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## कम्पनीको साधारण सभा ...

(१ पेजको बाँकी)



साधारण सभामा उपस्थित शेयरधनीहरु

यसैगरी साधारणसभाले महालेखा परीक्षकको कार्यालयको परामर्श तथा लेखापरीक्षण समितिको सिफारिसबमोजिम आ. व. २०७५/७६ को लागि कम्पनीको लेखा परीक्षण गर्न चार्टर्ड एकाउण्टेण्ट अच्युतराज जोशी र प्रकाशजङ्ग थापालाई लेखापरीक्षक नियुक्त गर्नुका साथै निजहरुको पारिश्रमिक समेत पारित गरेको छ ।

कम्पनीको सञ्चालक समितिका अध्यक्ष एवं सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव महेन्द्रमान गुरुङले साधारणसभामा उपस्थित शेयरधनीहरुलाई स्वागत गर्दै कम्पनीको एघारौं वार्षिक प्रतिवेदन पेश गर्नुभएको थियो । प्रतिबेदन पेश गर्दै उहाँले अगामी दिनमा अझ बढी ग्राहकमुखी सेवा प्रदान गरी मुलुकको अग्रणी दूरसञ्चार सेवाप्रदायकको रुपमा रही रहने प्रतिबद्धता ब्यक्त गर्नुभयो ।

उहाँले विगत वर्षहरूमा जस्तै आर्थिक वर्ष २०७४/७५ मा पनि कम्पनीले नेपालको दूरसञ्चार क्षेत्रको समग्र विकास र विस्तारमा उल्लेख्य योगदान पुऱ्याएर ग्राहक आधारमा उत्साहप्रद विस्तार तथा मुनाफा वृद्धि गर्न सफल भएको बताउदै २०७५ असार सम्ममा मुलुकमा कम्पनीको भ्वाइस सेवामा बजार हिस्सा ५०.९ प्रतिशत र ब्रोडब्याण्ड डाटा सेवामा बजार हिस्सा ४३.६ प्रतिशत पुगेको जानकारी दिनुभयो । साथै उहाँले गुणस्तरीय सेवा तथा सेवाको सहज उपलब्धतामार्फत आफ्नो बजार हिस्सालाई मजबुत गर्न तथा व्यावसायिक उद्देश्य हासिल गर्न कम्पनी निरन्तर सेवाको संख्यात्मक विस्तार र गुणात्मक सुधार गर्न प्रतिबद्ध रहेको बताउनु भयो ।

प्रविधिको तीव्र विकास भएसँगै विश्वब्यापी रुपमा भ्वाइस सेवाको व्यापारमा शिथिलता आई भ्वाइसको व्यापार क्रमिकरुपमा डाटा तथा अन्य भ्यालु एडेड सेवामा स्थानान्तरण हुनेक्रम जारी रहेको बताउनु भयो । साथै तीव्र प्रतिस्पर्धाको कारणले भ्वाइस तथा डाटा सेवाको महशुलमा ब्यापक कटौतीका बावजुद सञ्चालन आय रु. ३९.०२ अर्व कायम गरी कुल आयमा १.५२ प्रतिशतले वृद्धि गर्न कम्पनी सफल भएको बताउनु भयो । त्यस्तै उहाँले समीक्षा वर्षमा नाफा १३.७३ प्रतिशतले वृद्धि गरी रु. १७.४८ अर्ब पुऱ्याउन कम्पनी सफल भएको समेत जानकारी दिनुभयो ।

उहाँले डाटा सेवाको माग बढदै गइरहेको वास्तविकतालाई मध्यनजर गरी निकट भविष्यमा नै देशैभरी चौथौ पुस्ताको मोबाइल सेवा (4G) विस्तार गर्न आपूर्ति गर्ने क्रममा रहेको र 4G/LTE उपकरणलाई 5G मा स्तरोन्नति गर्ने लक्ष्य रहेको बताउनु भयो । ग्राहकहरूको घरसम्म अप्टिकल फाइबरमार्फत द्रुत गतिको ब्रोडब्याण्ड इन्टरनेट तथा भ्वाइस सेवा सञ्चालन गर्न सकिने र नेपालमा उपलब्ध इन्टरनेट सेवामध्ये सबैभन्दा उच्च गतिको इन्टरनेट सेवा Fiber To The Home (FTTH) को विस्तार लाई समीक्षा वर्षमा पनि निरन्तरता दिइने जानकारी दिनु भयो ।

कम्पनीबाट सञ्चालित आयोजनाहरू तोकिएको समयमा सम्पन्न गर्ने उद्देश्यले आयोजना कार्यान्वयनको अनुगमन प्रणालीलाई प्रभावकारी बनाई तोकिएको अवधिभित्र आयोजना सम्पन्न गर्ने सम्बद्ध पक्षहरूलाई पुरष्कृत गर्ने र नियतवश ढिलाइ गर्नेलाई दण्ड जरिवाना गर्ने व्यवस्था कडाइका साथ लागू गर्ने व्यवस्था मिलाइने जानकारी दिनु भयो । उहाँले रणनीतिक साझेदारको नियुक्ति, कार्यान्वयन लगायत आवश्यक कार्यहरूमा परामर्श तथा सहजीकरणको लागि परामर्शदातासँग सम्झौता गरी कम्पनीको Due Diligence Audit (DDA) गर्ने कार्य सम्पन्न भई परामर्शदाताबाट अन्तिम प्रतिवेदन प्राप्त भइसकेको जानकारी दिनु भयो ।

कम्पनीका अध्यक्षले साधारण सभामा शेयरधनी महानुभावहरुले प्रस्तुत गर्नु भएका विभिन्न सुझावहरुप्रति धन्यवाद ज्ञापन गर्नु भयो । उहाँले प्रविधिको विकास र ग्राहकको चाहनाका कारण कम्पनीले थुप्रै चुनौतीहरुको सामना गर्नु परिरहेको बताउँदै आगामी दिनमा थप व्यावसायिक रुपमा कार्य गर्ने प्रतिबद्धता ब्यक्त गर्नुभयो । उहाँले आगामी दिनमा गुणस्तरीय सेवामार्फत शेयर धनीहरुलाई अझ बढी प्रतिफल दिने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

एघारौँ साधारण सभाले पारित गरेबमोजिमको लाभांश रकम २०७५ माघ १ गते देखि एनएमबी बैंकमार्फत शेयरधनीहरुलाई वितरण गर्ने ब्यवस्था भइसकेको छ ।

**सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा**
e-mail: newsntc@yahoo.com **फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो** Newsletter www.ntc.net.np **मा पनि हेर्न सकिन्छ ।**

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Shobhan Adhikari**
Editor : **Laxman Adhikari,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**